आज मिति २०७९ साल भाद्र ०५ गते आईतबारका दिन बकैया गाउँ कार्यपालिकाका अध्यक्ष श्री धर्मराज लामिछानेज्यूको अध्यक्षतामा यस आ. व. को तेस्रो कार्यपालिका बैठक बसि तपशिल बमोजिमको प्रस्तावहरूमा छलफल र निर्णय गरियो ।

उपस्थिती:

| क.सं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री धर्मराज लामिछाने | अध्यक्ष | बकैया-५ | |
| २ | श्री भक्त बहादुर खत्री | उपाध्यक्ष | बकैया-४ | |
| ३ | श्री आशिश तितुङ | वडा अध्यक्ष | बकैया-१ | |
| ४ | श्री विश्वराज स्याङ्तान | वडा अध्यक्ष | बकैया-२ | |
| ५ | श्री भुमल सिँ घलान | वडा अध्यक्ष | बकैया-३ | |
| ६ | श्री राजन दंगाल | वडा अध्यक्ष | बकैया-४ | |
| ७ | श्री लक्ष्मी जिम्बा | वडा अध्यक्ष | बकैया-५ | |
| ८ | श्री फुल बहादुर भोम्जन | वडा अध्यक्ष | बकैया-६ | |
| ९ | श्री मानबहादुर सिंतान | वडा अध्यक्ष | बकैया-७ | |
| १० | श्री विष्णु नेगी | वडा अध्यक्ष | बकैया-८ | |
| ११ | श्री टंकध्वज लोप्चन | वडा अध्यक्ष | बकैया-९ | |
| १२ | श्री कमला कुमारी वाइवा | वडा अध्यक्ष | बकैया-१० | |
| १३ | श्री गोपाल वहादुर नेसुर | वडा अध्यक्ष | बकैया-११ | |
| १४ | श्री ज्ञानेन्द्र वजागाई | वडा अध्यक्ष | बकैया-१२ | Gyanendra |
| १५ | श्री सरिता माया जिम्बा | कार्यपालिका सदस्य | बकैया-२ | सरिता |
| १६ | श्री सावित्री सोराली | कार्यपालिका सदस्य | बकैया-७ | |
| १७ | श्री दिप कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | बकैया-८ | दिप |
| १८ | श्री राजकुमारी भोम्जन | कार्यपालिका सदस्य | बकैया-१० | |
| १९ | श्री लक्ष्मीमाया माझी | कार्यपालिका सदस्य | बकैया-४ | |
| २० | श्री लोकेन्द्र माझी | कार्यपालिका सदस्य | बकैया-६ | |
| २१ | श्री महेश श्रेष्ठ | प्र.प्र.अ. (सदस्य सचिव) | | |

अन्य उपस्थिती:

| क.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| | | | |

Scanned with CamScanner

## बकैया गाउँ कार्यपालिकाको मिति २०७९।०५।०५ गतेको बैठकका प्रस्तावहरु

१. उपभोक्ता समितिबाट सम्पन्न हुने योजनाको बजेट सम्बन्धमा

प्रस्तुत विषयमा छलफल गर्दा यस आर्थिक बर्षमा संचालन हुने १५,००,००० (पन्ध्र लाख सम्मका योजना / आयोजनाहरु उपभोक्ता समितिबाट सम्पन्न गर्न सकिने तथा सो भन्दा बढीको योजनाको हकमा ठेक्का मार्फत संचालन गर्ने निर्णय गरियो ।

२. कार्यविधि तथा मापदण्ड स्वीकृति सम्बन्धमा

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिका अन्तर्गत विभिन्न कार्यक्रमहरु संचालनको लागि तपशिल बमोजिमका कार्यविधि एवं मापदण्डहरु स्वीकृत गर्ने निर्णय गरियो ।

- कृषि विमा सम्बन्धी कार्यविधि,२०७९
- भुमिहिन दलित भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लागि विनियोजित बजेट खर्च सम्बन्धी मापदण्ड, २०७९

३. सामाग्री खरिद सम्बन्धमा

प्रस्तुत विषयमा छलफल गर्दा तपशिल बमोजिमको सामग्रीहरु टेन्डर मार्फत खरिद गर्ने गरी प्रक्रिया आगाडि बढाउने निर्णय गरीयो ।

- दुईपाङ्ग्रे सवारी साधान खरीद
- मेडिसिन तथा सर्जिकल सामाग्री खरिद
- कम्प्यूटर तथा प्रिन्टर खरिद
- स्टेशनरी तथा मसलान्द सामाग्री खरिद

४. भुमिहिन दलित भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लागि विनियोजित बजेट खर्च सम्बन्धी मापदण्ड, २०७९ बमोजिम सेवा करारमा कर्मचारी पदपुर्ति सम्बन्धमा

प्रस्तुत विषयमा छलफल गर्दा भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लागि जग्गा नाप जाच प्रयोजनकोलागि सर्वेक्षक १ जना, अमिन ७ जना तथा लगत प्रविष्टकर्ता २ जनाको सेवा करारका लागि भर्ना प्रक्रिया अगाडि बढाउने निर्णय गरीयो ।

५. बङ्दाखोला पुल योजना निर्माण स्थल सम्बन्धमा

प्रस्तुत विषयमा छलफल गर्दा बङ्दाखोला पुल निर्माणका लागि संघीय सरकारबाट वजेट शिर्षक नम्बर ११.४.७.७८४ मा रु १६.२५ लाख बजेट विनियोजन भएकोमा उक्त पुलको निर्माण स्थाल वकैया गाउपालिका वार्ड नम्बर ८ हुनु पर्नेमा मकवानपुर जिल्ला बागमति गाउँपालिका वार्ड न ९ भएको हुदाँ पुल निर्माण स्थल संशोधनको लागि सम्बन्धित निकायमा अनुरोध गरी लेखि पठाउने निर्णय गरीयो ।

महेश श्रेष्ठ
प्रशासकीय अधिकृत

भक्त बहादुर खत्री
उपाध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

धर्मराज लामिछान
अध्यक्ष

बकैया गाउँपालिका मकवानपुर

Scanned with CamScanner

६. डिजिटल कृषि सूचना तथा प्राविधिक परामर्श सेवा केन्द्र स्थापनार्थ सम्झौता गर्ने सम्बन्धमा

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकामा कृषि तथा पशुपालन पेशालाई व्यावसायीकरण तथा उत्पादनमुलक बनाउने सहयोग गर्ने उद्देश्यले कृषि विकास बैंक लिमिटेड प्रदेश कार्यालय, विरेन्द्रनगर चितवन, GeoKrishi Initiative, Pathway Technologies and Services Pvt. Ltd. र बकैया गाउँपालिका बिच यस बकैया गाउँपालिकामा डिजिटल कृषि सूचना तथा प्राविधिक परामर्श सेवा केन्द्र स्थापना गर्न सम्झौता गर्ने निर्णय गरियो ।

७. खरिद ईकाइ गठन सम्बन्धमा

प्रस्तुत विषयमा छलफल गर्दा यस बकैया गाउँपालिकाको कार्यालयको लागि आ.व. २०७९/८० मा खरिद सम्बन्धी कार्य गर्न सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक निकायमा खरिद सम्बन्धी कार्य गर्ने कर्मचारीको योग्यता निर्धारण मापदण्ड, २०७८ को दफा २ बमोजिक देहायको सदस्यहरु रहेन गरी खरिद ईकाइ गठन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

| | |
|---|---|
| सि.अ.ब. श्री फटिक रमण प्याकुरेल | संयोजक |
| कम्प्यूटर अपरेटर श्री आशिष अधिकारी | सदस्य |
| सुचना प्रविधि अधिकृत श्री सन्तोष पाण्डे | सदस्य-सचिव |

बकैया गाउँपालिका मकवानपुर

महेश श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर खत्री
उपाध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

धर्मराज लामिछाने
अध्यक्ष

Scanned with CamScanner